मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ६ गते सोमबार ❑ 22 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## भवन जलेपछि गण्डकी प्रदेशसभाको कामकारबाही अनिश्चित

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

'जेनजी' प्रदर्शनका क्रममा गण्डकी प्रदेशसभा भवन जलाइएपछि प्रदेशसभा बैठकलगायत प्रदेशसभाको कामकारबाही अनिश्चित बनेको छ।

गत भदौ २५ गतेलाई प्रदेशसभा बैठक डाँकिएकामा त्यसको अघिल्लो दिन भदौ २४ मा प्रदर्शनकारीले प्रदेशसभा भवनमा तोडफोड र आगजनी गरेका थिए । सभामुख कृष्णप्रसाद धितालले पुनःप्रयोगमा ल्याउन नमिल्ने गरी प्रदेशसभा भवनलगायतका संरचना पूर्ण रुपमा क्षतिग्रस्त भएकाले प्रदेशसभा सचिवालयको कार्यालय सञ्चालनमा ल्याउन नसकिएको बताउनुभयो । तोडफोड र आगजनी गरिएका ठाउँमा सरसफाइको काम भइरहेको उहाँको भनाइ छ । "सभामुख, उपसभामुखको आवाससम्म मर्मतसम्भार गरेर जेनतेन बस्ने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो, "प्रदेशसभाका लागि उपयुक्त भवनको खोजी गरिरहेका छौँ, जिल्ला समन्वय समिति र कृषि मन्त्रालयको हललाई विकल्पका रुपमा प्रयोग गर्न सकिन्छ कि भनेर छलफल भइरहेको छ, टुङ्गिसकेको छैन।" सभामुख धितालले प्रदेशसभाको नयाँ भवन हालै शिलान्यास गरी निर्माण सुरु गरिएकाले त्यो भवन नबनेसम्म वैकल्पिक व्यवस्था गर्न लागिएको बताउनुभयो । भवनको व्यवस्था भएपछि मात्र प्रदेशसभा बैठकसहित प्रदेशसभा सचिवालयकानियमितकामकारबाहीसुरु हुने उहाँको भनाइ छ। 'जेनजी' प्रदर्शनपछि उत्पन्न विषम परिस्थितिका कारण प्रदेशसभा बैठक अनिश्चितकालसम्मका लागि स्थगित रहेको सभामुख धितालले बताउनुभयो।

प्रदर्शनकारीले प्रदेशसभा भवनसहित मातहतका भवन, सवारीसाधनलगायतमा तोडफोड र आगजनी गरेका थिए । प्रदेशसभा भवन काठ र ढुङ्गाबाट बनेको पुरानो शैलीको भवन भएकाले आगलागीले पूर्ण रुपमा क्षति पुऱ्याएको सभामुख धितालले बताउनुभयो । प्रदेशसभा सचिवालय रहेको भवन, विषयगत समिति, संसदीय दलका कार्यालय आदिमा पनि आगजनी गरिएको थियो।

'जेनजी' प्रदर्शनका क्रममा प्रदेशसभा भवनलगायत भौतिक संरचनामा पुगेको क्षतिको मुल्याङ्कन गर्ने काम भइरहेकोप्रदेशसभासचिवालयले जनाएको छ । प्रदेशसभासहित प्रदेश सरकार मातहतका मन्त्रालय, आयोग, निकाय, कार्यालय र आवसमा भएको क्षतिको यथार्थ विवरण सङ्कलन गर्ने कार्य भइरहेको सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले बताउनुभयो । उहाँका अनुसार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, स्वास्थ्य मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाहेकका सबै मन्त्रालयका भवन तोडफोड र आगजनीमा परी क्षतिग्रस्त बनेका छन् । कार्यालय भवनहरूको सरसफाइ, रङरोगन र मर्मतसम्भारको काम भइरहेको प्रवक्ता डा गुरुङले बताउनुभयो।

## कास्की काँग्रेसद्धार पार्टीको विशेष महाधिवेशनको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

नेपाली काँग्रेस कास्कीले पार्टीको विशेष महाधिवेशनको माग गरेको छ। नेपाली काँग्रेसको आइतबार वसेको बैठकले देशको पछिल्लो अवस्थाका वारेमा गम्भिर समिक्षा गर्दै विशेष महाधिवेशनको माग गरेको पार्टीका सहसचिव तथा प्रवक्ता नविन सिग्देलले जानकारी दिए।

त्यसैगरी बैठकले यथाशिघ्र क्रियाशिल सदस्यता नविकरण गरी यहि मंसीर भित्र नै विशेष महाधिवेशन गर्ने त्यसो नभएमा १४ औं महाधिवेशनका प्रतिनिधिहरुबाट नै विशेष महाधिवेशनको माग गर्ने निर्णण गरिएको प्रवक्ता सिग्देलले जानकारी दिए । बैठकले पार्टी सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र केन्द्रीय सदस्य तथा पूर्व परराष्ट्रमन्त्री आरजु देउवा राणा माथिको आक्रमण तोडफोड र आगजानीको घटना प्रति घोर निन्दा तथा भत्सर्ना गरेको छ । नेपाली काँग्रेसक कास्कीका कार्यवहाक सभापति रामवावु भण्डारीको अध्यक्षतामा आइतबार वसेको बैठकले देशभर भएको सरकारी तथा व्यक्तिगत सम्पतीमाथिको तोडफोड, आगजनी र हिंसात्मक गतिविधिहरू शान्तिपूर्ण लोकतान्त्रिक विरोधको मर्म र मान्यताबाट बाहिर गएको उल्लेख गर्दै त्यसको भत्सर्ना गरेको हो । त्यसैगरी जिल्ला पार्टी कार्यालय, चिप्लेढुंगामा रहेको विपि कोइरालाको शालिक, हरिचोकमा रहेको शहिद हरिप्रसाद गुरुङको शालिकसँगै अन्य शहिदहरुको शालिक तोडफोड तथा आगजनिको निन्दा गरेको छ । बैठकले पार्टी कार्यलार्य पुननिर्माण तथा विपि कोइराला र शहिद हरिप्रसाद गुरुङको शालिक पुनस्थापना गर्नका लागि पार्टीका साथीहरुसँग सहयोगका लागि आह्वान गर्ने निर्णय गरेको छ । पार्टी कार्यालयको क्षती मूल्याय्न र पुननिर्माणको लागत पेश गर्ने जिम्मा जिल्ला कार्यसमिति सदस्य ई. सागर मोहन भट्टराईलाई जिम्मा दिइएको छ। साथै कास्की जिल्ला माताहातमा रहेका क्षेत्र, प्रदेश सभा, पालिका र सम्पूर्ण वडा कार्यसमितिको तत्काल बैठक वसी पार्टीका साथीहरुलाई क्रियाशिल बनाउन बैकठले आह्वान गरेको छ।

बैठकमा जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, क्षेत्र, प्रदेश सभा र पालिकाका सभापतिहरुको सहभागिता रहेको थियो।

## गण्डकीमा क्षतिग्रस्त भौतिक संरचनाको प्रारम्भिक मूल्याङ्कन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

गण्डकी प्रदेशमा जेनजीको प्रदर्शनका क्रममा क्षति भएका सरकारी, व्यावसायिक तथा निजी भौतिक संरचनाको शनिबारदेखि प्रारम्भिक अध्ययन तथा मूल्याङ्कन सुरु भएको छ।

नेपाल इञ्जिनियर्स एसोसिएसन गण्डकी प्रदेशले प्रदेश सरकारसँगको सहकार्यमा यही भदौ २३ र २४ गते प्रदर्शनका क्रममा आगजनी गरी क्षति पुगेका संरचनाको प्रारम्भिक अवस्थाको अध्ययन तथा मूल्याङ्कन 'र्‍यापिड भिजुअल ड्यामेज एसेसमेन्ट' (आरभीडीए) अभियान सुरु गरेको हो। यस अभियानअन्तर्गत गण्डकी प्रदेशमातहतका विभिन्न मन्त्रालय, सरकारी कार्यालय तथा सार्वजनिक भवनको स्थलगत निरीक्षण गरी क्षतिको अवस्थाबारे तथ्याङ्क सङ्कलन गरिने एसोसिएसनका सभापति सन्तोष जिसीले बताउनुभयो । उहाँका अनुसार इञ्जिनियरहरूको छवटा छुट्टाछुट्टै समूह गठन गरेर क्षतिको अवस्थाबारे तथ्याङ्क सङ्कलन थालिएको गरिएको छ। प्रत्येक टोलीमा एक टोली नेता र पाँच जनासम्म सदस्य रहेका छन्। प्रत्येक टोलीको कार्यक्षेत्र, निरीक्षण क्षेत्र र जिम्मेवारीसमेत तोकिएको एसोसिएसनले जनाएको छ। यस अभियानबाट क्षतिको वास्तविक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पर्यटन पुनःउत्थानका लागि पहल गरिदिन गभर्नर पौडेलसँग परिषद्को आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



पोखरा पर्यटन परिषद्ले पर्यटन पुनःउत्थानका लागि पहल गरिदिन नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलसँग आग्रह गरेको छ।

परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले आज काठमाडौँमा गभर्नर पौडेललाई ध्यानाकर्षणपत्र बुझाउँदै पर्यटन पुनःउत्थनानका लागि आवश्यक पहल गरिदिन आग्रह गरेको हो।

मुलुकमा पछिल्लो समय नयाँ पुस्ताले गरेको आन्दोलन र त्यसले ल्याएको परिवर्तन तथा अठोटको उच्च सम्मान गर्दै ध्यानाकर्षणपत्रमा आन्दोलनका क्रममा अवान्छित व्यक्ति तथा स्वार्थ प्रेरित समुहको कारण भएको सरकारी तथा निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी तथा लुटपाटका घटनाप्रति दुःख व्यक्त गरिएको छ। "पर्यटन व्यवसायको मुख्य यामको सुरूआत हुनै लाग्दा भएको यस घटनाबाट सबैभन्दा बढी असर यहाँका पर्यटन व्यवसायी तथा उद्योगीहरू माथि परेको छ", ध्यानाकर्षणपत्रमा भनिएको छ, "राज्यको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन उद्योगमा हालै भएको घटनाबाट हरेक दिन पर्यटकहरूले आफ्ना भ्रमण प्याकेज तथा बुकिङ क्यान्सिल गरिरहेको अवस्था छ।"

करिब रु सात खर्बभन्दा बढी लगानी भइसकेको पर्यटन राजधानी पोखराको पर्यटन उद्योग देशको वर्तमान परिस्थितिको कारण यति बेला सुनसानजस्तै भएको परिषद्को दाबी छ । विगतका भूकम्प, कोभिड-१९ जस्ता महामारीको अवस्थामा पनि पर्यटन उद्योगको पुनःउत्थानको लागि सबै तहका सरकारबाट विभिन्न प्याकेजहरू घोषणा गरिएको उल्लेख गर्दै परिषद्ले हालको बदलिँदो परिस्थितिमा पनि पर्यटन उद्योगलाई पुनःउत्थान गर्न आग्रह गरेको छ। आन्दोलनकोक्रममाव्यावसायिक प्रतिष्ठानहरू माथि गरिएको तोडफोड, आगजनी तथा लुटपाटका क्रममा पर्यटन व्यवसायीमा परेको क्षतिको समुचित क्षतिपूर्तिको व्यवस्था गरिदिन समेत परिषद्ले अनुरोध गरेको छ । पछिल्लो पटक भएको प्रदर्शनपछि बुकिङ रद्द हुन थालेकाले समेत परिषद्को भनाइ छ । साथै अगामी फागुन २१ गतेका लागि निर्वाचन हुने भएकाले पर्यटक बढ्ने सम्भावना कम भएको उनीहरूको भनाइ छ। परिषद्ले व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याज तथा किस्ता भुक्तानीका लागि असोज मसान्त, पुस मसान्त र चैत मसान्तसम्म पनि असम्भव नै भएकाले सो किस्ता ब्याज तिर्ने म्याद कुनै शुल्क वा जरिवाना बिना थप गरिनुपर्ने माग गरेको छ।

आगामी छ महिनासम्म पर्यटन आगमन हुने नदेखिएकाले व्यवसाय सञ्चालनमा लागत आवश्यक हुने हुँदा छोटो समयका लागि भए पनि थप व्यवसाय सञ्चालन कर्जा उपलब्ध गराइदिनुपर्ने, पर्यटन उद्योगलाई दिइने कर्जाको किस्ता तिर्ने अवधि कम्तीमा २५ वर्षको हुने गरी कर्जाको पुनःसंरचना र पुनःतालिकीकरण गरिनुपर्ने परिषद्ले माग गरेको छ।

पर्यटन उद्योगको लागि लिएकोकर्जामारिफाइनान्सिङको सुविधा उपलब्ध गराइ दिनुपर्ने, साना तथा मझौला पर्यटन व्यवसायलाई पुनःउत्थान गर्नका लागि विगतमा व्यवस्था भएजस्तो रु १५ लाखसम्म कम्तीमा पाँच वर्षसम्मक लागि शून्य ब्याजदरमा व्यवसाय जीवनरक्षा कर्जा प्रदान गर्नुपर्ने आग्रह गरिएको छ।

पर्यटन उद्योगमा प्रदान गरिएको कर्जाको ब्याजदरलाई अझ न्यून सहुलियत दरमा प्रदान गरिनुपर्ने, पर्यटन उद्योग पनि अन्य उद्योगसरह मान्यता दिने निर्णयलाई कार्यान्वयन गरिनुपर्ने माग गरिएको छ।

## पोखरामा टिभीएस आइक्यूबका टिभीएस आइक्यूब ३० र टिभीएस आइक्यूब ३/५० सार्वजनिक


**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



पोखरामा टिभीएस मोटर कम्पनी (टिभीएसएम) ले जगदम्बा मोटर्स प्रा।लि। सँगको सहकार्यमा नेपालमा टिभीएस आइक्यूबका दुई नयाँ भेरियन्ट टिभीएस आइक्यूब ३० र टिभीएस आइक्यूब ३।५० सार्वजनिक गरेको छ।

स्क्वायर मोटर्स पोखराले न्युर ोडस्थित सिटि स्क्वायर ब्याङ्केटमा विशेष कार्यक्रम गरी नयाँ मोडेल आइतबार बेलुका सार्वजनिक गरेको हो । स्क्वायर मोटर्स प्रा. लि. जगदम्बा मोटर्स प्रा. लि. का लागि कास्की जिल्लाको आधिकारिक विक्रेता हो । नयाँ प्रस्तुत टिभीएस आइक्यूब ३।० मा १०० किलोमिटरको वास्तविक दायरा र १२३ किलोमिटरको कम्पनी दायरा रहेको छ । यसको मूल्य ३ लाख २४ हजार ९०० रुपैयाँ तोकिए पनि दशैं विशेष अफरमा ३१४,९०० रुपैयाँमा उपलब्ध हुने कम्पनीले जनाएको छ । त्यस्तै, ११५ किलोमिटरको वास्तविक विश्व दायरा र १४५ किलोमिटरको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# पोखरामा यही असोज ९ देखि पुनः हट एयर बेलुन उडान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



पर्यटकीय राजधानी पोखरामा साहसिक खेल हट एयर बेलुन यही असोज ९ गते अर्थात सेप्टेम्बर २५ तारिखबाट पुनः सुरु हुने भएको छ।

बर्षादको मौसममा केही समय स्थगित भएको उक्त खेल पर्यटनको सिजन सुरु भएसंगै विहिबार देखि सुरु हुने भएको बलुन नेपालका अध्यक्ष विक्रम बाडेले बताउनु भयो।

करिब ९ हजार फिट उचाइमा उड्ने बेलुनबाट माछापुच्छ्रे, अन्नपूर्ण सहितका हिमशृङ्खलाको मनोरम दृश्य संगै फेवाताल, पोखरा बजार, पुम्दिकोट बिशाल महादेवको मुर्ति, विश्व शान्ति स्तुपः सराङकोट लगायतको दृश्य ३६० डिग्री मनोरम दृश्य नजिकैबाट अवलोकन गर्न सक्नुहुनेछ। स्वदेशी तथा विदेशी पर्यटकहरुका लागि अग्रिम बुकिङ खुला गरिएको छ। उडान बिहान ६ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा हुनेछ। पामेबाट सुरु भएर इन्द्रपुर लेकसम्मको करिब ४ किलोमिटर दूरीमा आधा घण्टादेखि ४० मिनेटसम्म उडान हुने भएको छ। प्रति नेपालीका लागि ११ हजार, सार्क मुलुक र चिनियाँ पर्यटकका लागि १२० अमेरिकी डलर र अन्य देशका लागि भने १५० अमेरिकी डलर शुल्क लिने भएको बलुन नेपालले जनाएको छ। यस प्याकेजमा पोखराको लेकसाइडबाट पिकअप, ड्रप, उडान, फोटो र भिडियो सेवा सहितको सुविधा उपलब्ध हुने भएको छ। यसैबिच, जेनजी आन्दोलनको क्रममा पोखराको लेकसाइडमा रहेको बलुन नेपालको कार्यालयमा तोडफोड तथा चोरी हुँदा करिब ३० लाख मुल्य बराबरको क्षति भएको अध्यक्ष बाडेले जनाउनु भयो। यसअघि पोखरामा भएको नेपालकै पहिलो अन्तर ष्ट्रिय हट एयर बेलुन फेस्टिभलले नेपाललाई विश्व पर्यटन नक्सामा फरक पहिचान दिलाएको थियो, जसको कभरेज सीएनएन, बीबीसीदेखि वर्ल्ड स्ट्रिट जर्नीजस्ता अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले गरेका थिए।



पोखराबाट देखिएको हिमश्रृखला : मौसम खुलेपछि पर्यटकीय राजधानी पोखराबाट आइतबार बिहान देखिएको माछापुच्छ्रे र हिमश्रृखला। तस्बिरः कृष्ण दवाडी/रासस

# पोखरा-२२ मा ५ दिने माला बनाउने तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

पोखरा महानगरपालिका नगर युवा परिषदको आयोजनामा, वडा युवा परिषद-२२ को सहआयोजनामा तथा कालिमाटी शान्ति स्तूप टोल विकास संस्थाको समन्वयमा आइतबारदेखि पाँच दिने माला तथा हस्तकला तालिम सुरु भएको छ। तालिम असोज ९ गतेसम्म सञ्चालन हुनेछ।

स्थानीय महिला र युवालाई सीपमूलक, व्यवसायिक तथा उद्यमशील बनाउन उद्देश्यका साथ सुरु गरिएको तालिमको पहिलो दिन करिब दुई घण्टा सञ्चालन भएको थियो। तालिममा विभिन्न टोलका बासिन्दाको उत्साहजनक सहभागिता देखिएको आयोजकले जनाएको छ। कार्यक्रमको अध्यक्षता वडा युवा परिषद-२२ र कालिमाटी शान्ति स्तूप टोल विकास संस्थाका अध्यक्ष दिनेश बराललले गर्नुभयो। उद्घाटन समारोहमा प्रमुख अतिथि वडा सदस्य कृष्णकुमारी देवकोटा, विशेष अतिथि नगर युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपानेसहित विभिन्न टोल विकास संस्था, आमा समूह, क्लब तथा संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो। कार्यक्रम सञ्चालन झम्कनाथ देवकोटाले गर्नुभएको थियो। उपाध्यक्ष न्यौपानेले कार्यक्रममा बोल्दै यस्ता सीपमूलक तालिम अहिलेको आवश्यकतासँग जोडिएको बताउनु भयो। उहाँले भन्नुभयो "माला बुन्ने सीपले आम्दानी र उद्यमशीलताको अवसर खोल्छ। नगर युवा परिषद सदैव युवामुखी कार्यक्रमसँग सहकार्यमा रहनेछ।" त्यस्तै प्रमुख अतिथि देवकोटाले वडा युवा परिषद गठन भएदेखि निरन्तर कार्यक्रम हुँदै आएको उल्लेख गर्दै भविष्यमा पनि सहयोगी बन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अध्यक्ष दिनेश बराललले तालिमले पुम्दिकोट-शान्ति स्तूप क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुऱ्याउने विश्वास व्यक्त गर्दै भने, "गाउँघर र पुम्दी-भुम्दी क्षेत्रका पर्यटकीय स्थलमा माला पसलहरू सीमित छन्। यस तालिममार्फत सीप सिक्नेहरूले आफ्नै उद्यम सुरु गरेर तत्कालै आम्दानी गर्न सक्नेछन्।"

# बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनको निःशुल्क उपहार कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

चाडपर्वलाई लक्षित गरि पोखराको बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनले निःशुल्क उपहार योजना कार्यक्रम ल्याएको छ।

एशोसिएसनले उपहार कार्यक्रम भदौ २२ गतेदेखि मंसीर २७ गतेसम्म सञ्चालन हुनेछ। विशेष गरी नेपालीहरुका चाडपर्वलाई लक्षित गरी उपहार कार्यक्रम संस्थाले ल्याएको हो।

एशोसिएसनका अध्यक्ष बुद्धिबहादुर कुँवरले उपहार कार्यक्रम अन्तरगत मासिक विशेष उपहार सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्र मार्फत् उपलब्ध गराइने छ भने बम्पर उपहारमा २० हजारको सपिङ भौचर ५ जनालाई प्रदान गरिने बताए।

उनका अनुसार बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन भित्रका कुनै पनि पसलबाट ५ सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सय भन्दा बढीको खरिद गर्दा २ वटा उपहार कुपन उपलब्ध गराइनेछ।

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनका मानार्थ सदस्य तथा सल्लाहाकार केशव बहादुर खत्रीले करीब चार दशक भन्दा लामो व्यवसायिक विरासत बोकेको पोखराको व्यपारिक थलो बुद्ध विशाल बजारले नाफामुखी भन्दा पनि गुणस्तरीय सामानहरु बिक्री गरेर सेवाको रुपमा व्यवसाय गरिरहेको बताउदै चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई समेटन 'दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना ल्याएको बताए।

मासिक विशेष उपहार सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्र मार्फत् उपलब्ध गराइने र महिनाको अन्तिम बुधबार खोलिने उक्त् उपहार कार्यक्रमको जानकारी एशोसियसनको अफिसको सुचना पाटी र संचार माध्यम मार्फत गराइने संस्थाका महासचिव थमनसिंह गुरुङले जानकारी दिए।

२ सय ४० सटर रहेको बुद्ध विशाल बजारमा १ सय ९१ सदस्य रहेका छन्। फेन्सी, कष्मेटिक, इलेक्ट्रोनिक्स, मोबाइल लगागतका सामान खरिद र बिक्री हुने गरेको बुद्ध विशाल बजारमा ३५ सय देखि ४ हजारलाई प्रत्यक्ष रोजगारी मिलेको छ।

# सोमबारदेखि विन्ध्यवासिनी मन्दिरमा नवदुर्गा महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

कास्कीको ऐतिहासिक धार्मिक तथा पर्यटकीय तिर्थ स्थल विन्ध्यवासिनी मन्दिर परिसरमा यस वर्ष पनि विन्ध्यवासिनी नवदुर्गा महोत्सव-२०८२ आयोजना हुने भएको छ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा घटस्थापनाको दिन असोज ६ गते बिहान ९ बजे सुरु उक्त महोत्सव हुने भएको समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठले बताउनु भयो।

उक्त महायज्ञ महानवमीको दिन मध्यान्ह १२ बजेसम्म निरन्तर सञ्चालन हुने उहाँले जनाउनु भयो। गत भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनको घटनाले तयारीमा अवरोध पुऱ्याएकाले यसपटक परम्परागत रुपमा हुँदै आएको नवदुर्गा शोभायात्रा भने स्थगित गरिएको समितिले स्पष्ट पारेको छ।

श्रीमद्देवी भागवत ज्ञान महायज्ञलाई भने निरन्तरता दिइने समितिका अध्यक्ष श्रेष्ठले जनाउनु भयो। महायज्ञमा वाचकका रुपमा श्रीकृष्णनुरागी पण्डित पशुपति पौडेल रहनु हुनु भएको छ। समितिले सार्वजनिक गरेको कार्यक्रमअनुसार प्रत्येक दिन बिहान ६ बजेदेखि ९ बजेसम्म श्री सतचण्डी महानुष्ठान सञ्चालन हुनेछ भने अपरान्ह २ बजेदेखि ४ बजेसम्म भजन-कीर्तन हुनेछ। विजया दशमी अवधिभर मन्दिरमा बिहान ४ बजेदेखि नित्य पूजा सुरु हुनेछ, दर्शनका लागि मन्दिर बिहान ५ बजेदेखि भक्तजनका लागि खुला गरिनेछ र प्रत्येक साँझ ६ बजे आरती हुनेछ। विन्ध्यवासिनी मन्दिरलाई शक्ति स्थलका रुपमा अज्ञात कालखण्डदेखि नै पूजा आज गरिदै आएको पाइन्छ।

ेकाक्षा पूरा हुने धार्मिक विश्वासका साथ बार्षिक लाखौं पर्यटक मन्दिर आउने गर्नु भएको छ। २०५१ सालमा स्थापना गरिएको विन्ध्यवासिनी गुरुकुल विद्याश्रम मार्फत हाल कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई निःशुल्क आवासीय शिक्षा दिइँदै आएको छ। यसलाई कक्षा १२ सम्म विस्तार गर्ने योजनाअनुसार पोखरा महानगरपालिका-१८ स्थित गुठी स्वामित्वको २६ रोपनी जग्गामा नयाँ भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

त्यस्तै, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला र अशक्त व्यक्तिहरूका लागि मन्दिरमा लिफ्ट जडान गरिएको छ र उनीहरूका लागि निःशुल्क उपलब्ध गराइएको छ। २०७२ सालदेखि ज्येष्ठ नागरिक मिलन केन्द्रमार्फत दिवा सेवा सञ्चालन हुँदै आएको छ भने भक्तजन र स्थानीय समुदायलाई लक्षित गरी एम्बुलेन्स सेवा पनि उपलब्ध गराइएको समितिले जनाएको छ। साथै वैदिक सनातन संस्कृतिको अङ्गका रुपमा रहेको प्राकृतिक चिकित्सा पद्धतिका आधारमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय सञ्चालनमा ल्याइएको छ जसको भौतिक पूर्वाधार निर्माण कार्य जारी छ।

# युनाइटेड क्लब द्वारा जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा कम्प्युटर प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



सामाजिक काममा अग्रणी युनाइटेड क्लब पोखराले जिल्ला सरकारी वकिलको कार्यालय कास्कीलाई कम्प्युटर प्रदान गरेको छ।

जेन्जी आन्दोलनको क्रममा आगलागीबाट सम्पूर्ण सामाग्री नष्ट भएपछि जिल्ला सरकारी वकिल कार्यालयमा दैनिक कामकाजमा सहज बनोस भन्ने उद्देश्यले युनाइटेड क्लब पोखराले आफ्नो विपद ब्यवस्थापन कोष अन्तर्गत कम्प्युटर प्रदान गरेको हो।

युनाइटेड क्लब पोखराका अध्यक्ष लोक बहादुर थापा, संस्थापक अध्यक्ष हिमालय बखेल, वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिना, द्धितिय उपाध्यक्ष एवं विपद ब्यवस्थापन समिति संयोजक सूर्य बहादुर बानियाँ, कोषाध्यक्ष जयराम आचार्य, क्लबका शुभ चिन्तक दिपक बानियाँ लगायतको टोलीले जिल्ला सरकारी वकिलको कार्यालय कास्कीका सहायक जिल्ला न्यायाधिवक्ता शान्ति देवी शर्मा लाई कम्प्युटर हस्तान्तरण गरेको हो। सो अवसरमा वोल्दै जिल्ला सरकारी वकिलको कार्यालय कास्कीका सहायक जिल्ला न्यायाधिवक्ता शान्ति देवी शर्माले विषम परिस्थितीमा युनाइटेड क्लबले कम्प्युटर प्रदान गरेकोमा धन्यवाद ब्यक्त गरिन। जेन्जी आन्दोलनको क्रममा जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा समेत आगलागी भएको र सो क्रममा कार्यालय पूर्ण रुपमा जलेर नष्ट भइ दैनिक कामकाजमा समस्या परिरहदा सामाजिक काममा छुट्टै पहिचान बनाउन सफल युनाईटेड क्लब पोखराले देउसीभैलो कार्यक्रमको आयोजना गरि स्थापना गरेको विपद ब्यवस्थापन कोष मार्फत सहयोग गरेकोमा युनाइटेड क्लव प्रति आभार प्रकट गरिन। सो अवसरमा वोल्दै युनाइटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले युनाइटेड क्लवले स्थापनाकालदेखिनै तिहारको समयमा देउसीभैलो कार्यक्रमको आयोजना गरि विपद ब्यवस्थापन कोष स्थापना गरि नेपालको पूर्वको उदयपुर देखि पश्चिमको कैलाली सम्म विपदमा परेकाहरुलाई सहयोग गर्दै आइरहदा यसपटक जेन्जी आन्दोलनको क्रममा क्षती पुगेका सरकारी कार्यालयहरुलाई सहयोग गर्ने आफुहरुको योजना गरहेको र सोही अनुरुप जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा कम्प्युटर हस्तान्तरण गरिएको बताए। त्यस्तै क्लबका द्धितिय उपाध्यक्ष एवं विपद ब्यवस्थापन समिति संयोजक सूर्य बहादुर बानियाँले युनाइटेड क्लबले पोखरा महोत्सवको आयोजना गरि सामाजिक कामहरु गर्दै आइरहेको र त्यसमा पनि क्लबले देउसीभैलो कार्यक्रमको आयोजना गरि विपदकै क्षेत्रमा सहयोग गर्ने गरि विपद ब्यवस्थापन कोष स्थापना गरि भुकम्प, बाढी पहिरो, हावाहुरी आगलागीमा परेकाहरुलाई सहयोग गर्दै आइरहेको बताए।

# गण्डकी ...

विवरण प्राप्त हुने अपेक्षा गरिएको छ।

सभापति जिसीले भन्नुभयो, "प्रभावित संरचनाको वर्तमान अवस्थामा सुरक्षित छ वा छैनन् भन्ने निर्धारणका लागि तत्काल प्राविधिक परीक्षण आवश्यक छ।

हामीले सुरु गरेको यस अभियानले गण्डकी प्रदेशका सरकारी भवनको वास्तविक क्षतिको अवस्था उजागर गर्दै आगामी दिनमा पुनःनिर्माणको योजनाका लागि प्राविधिक आधार तयार गर्नेछ।" त्यसैगरी, अभियानबाट सङ्कलन भएको तथ्याङ्क तथा जानकारी आगामी चरणमा आवश्यक पुनःनिर्माण, मर्मत तथा जोखिम न्यूनीकरणका लागि महत्त्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ। जेनजी प्रदर्शनका क्रममा प्रदेशमा सबैभन्दा बढी क्षति पोखरामा भएको छ। मुख्यमन्त्री कार्यालय, प्रदेशसभा, मन्त्रालय, जिल्ला प्रशासन, मालपोत, जिल्ला अदालतलगायत पाँच दर्जनभन्दा बढी कार्यालयमा आगजनी र तोडफोड भएको छ। प्रदर्शनका क्रममा आगजनीमा परेर पोखरामा तीन जनाले ज्यान गुमाएका थिए।

# पोखरामा ...

कम्पनी दायरा भएको टिभीएस आइक्यूब ३।५ को मूल्य ३५९,९०० रुपैयाँ तोकिएको छ भने दशैं अफरमा ३३९,९०० रुपैयाँमा खरिद गर्न सकिने छ। गत वर्ष प्रस्तुत भएको विद्यमान टिभीएस आइक्यूब २।२ भने २ लाख ९९ हजार ९ सय रुपैयाँमै उपलब्ध हुनेछ। चाडपर्वको अवसरमा नयाँ मोडेल बेजोड एक्सचेन्ज र फाइनान्स योजनासहित आएको छ। साथै चार भाग्यशाली विजेताले ५०,००० रुपैयाँसम्म नगद फिर्ता पाउने लक्की ड्र अफरको समेत व्यवस्था गरिएको कम्पनीले जनाएको छ।

स्क्वायर मोटर्सले नयाँ दायराका परीक्षण सवारीको सुविधा समेत उपलब्ध गराएको छ। सार्वजनिक कार्यक्रममा कम्पनीका अध्यक्ष आदर्शमान श्रेष्ठले दशैंलाई लक्षित गर्दै पोखरा अमरसिंह चौर हस्पिटल चोक नजिक र नयाँबजारस्थित सोरुममा विशेष अफर उपलब्ध हुने जानकारी दिनुभयो। त्यसैगरी कम्पनीका प्रबन्धक निर्देशक विनोज पोटेले दशैं विशेष छुटसहितको अफर लिन सबैलाई नयाँबजार सोरुममा स्वागत गर्दै टिभीएस परिवारसँग दशैं मनाउन अनुरोध गर्नुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदि
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# चाडपर्वमा उपभोक्ता नठगिउन

हिन्दुहरुको महान चाड वडा दशैं आजबाट शुरु भएको  छ । आश्विन शुक्ल प्रतिपदाको दिनदेखि नौ दिनसम्म शक्तिपिठहरुमा दुर्गा भगवतीको पूजा आरधना गरिन्छ । दशैंलाई असत्यमाथि सत्यको जित भएको हुँदा त्यसलाई विजया दशमीको रुपमा मनाउने गरिन्छ । प्रतिपदाको दिन घटस्थापनामा रोपेको जमरा दशमीको दिन प्रसादको रुपमा लगाउने गरिन्छ । मानव जीवनमा शक्तिको आवश्यकता पर्ने हुँदा दुर्गा भवानीबाट शक्ति प्राप्त होस् भनि उपाशना गरिन्छ । दुर्गा भवानीलाई शक्ति प्राप्त गरेपछि असत्यमाथि सत्यको जितको रुपमा लिइने गरिएको छ ।

बडादशैं हिन्दुहरुको चाड भनिए पनि यो राष्ट्रिय चाडको रुपमा रहँदै आएको छ । दशैंलाई धार्मिक आध्यात्मिक र सांस्कृतिक चाँडको रुपमा विभिन्न कोणबाट लिने गरिएको छ । दशैलाई धार्मिक मात्र नभई सांस्कृतिक आध्यात्मिक रुपमा पनि लिन थालेका छन् । दसैँ धार्मिक भन्दा पनि नेपालीको मौलिक पहिचानसहितको सांस्कृतिक पर्व हो । संसारभर नेपाली जाति जहाँ पुगे पनि दसैँ आफ्नै शैलीमा मनाउँछन् । दशै पारिवारिक पुनर्मिलन र स्नेह तथा सद्भावको पर्व हो । वर्षभर घरबाहिर भएकाहरू पनि आआफ्ना परिवारसँगै मनाउने गर्दछन ।

दशैंमा बजार अनुगमन नहुँदा अस्वाभविक मूल्य बृद्धि, अखाद्य बस्तु बिक्री गर्ने र जोखिमपूर्ण सवारीसाधन चढेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । नवयुवाको सत्ता परिवर्तन गर्ने आन्दोलन र आन्दोलनमा भएको निर्मम दमन, विध्वंसले गर्दा जनता आतंकित छन।लुटपाट भएको छाभाटभटेनी स्टोरमा भएको लुटपाट, तोडफोड र आगजनीले सुरक्षाको प्रत्याभूति नहुने हो भने उपभोक्ता नै मारमा पर्न सक्छन् । सरकारले  गर्ने अनुगमन झारा टार्ने खालको नहोस् भनेर सम्झाउनुपर्ने भएको छ। जनताको जीवन स्तर खस्किदै गएको बेला कसरी राहत र सेवा सुविधा उपलब्ध गराउने बारे सरकारले नसोच्नु विडम्बना हो । चुनावका  उठाउनका लागि पैसा उठाउन र राज्य संयन्त्रको दुरुपयोग गर्ने काम नहोस् भनेर खबरदारी गर्ने जनप्रतिनिधि मुलक संस्था प्रतिनिधिसभा विघटन गरिएको छावडा कार्यालय ध्वस्त बनाइएको हुँदा गिरेको मनोबलले काम गर्न सकिदैन ।

तीन वटै तहका सरकारले जनताका आकांक्षा पुरा गर्न सकेका छैनन् । सरकारमा रहँदा गरेका बाचा कार्यान्वयनमा नआउदाँ  जनताले विश्वास गर्ने आधार नबनेर देश यो अवस्थामा पुगेको हो । देशलाई राजनीतिक स्थीरता दिन, आर्थिक सम्बृद्धि र देशको स्वाधीनता कायम राख्न सक्ने बाटोमा लाग्नु अहिलेको आवश्यकता हो । राजनीतिक दलले देशको अवस्था र जनताले भोगेका कठिनाइ सम्झनु पर्छ । नेपालको मौलिक संस्कृति, मान्यता र सामाजिक सद्भाव कायम राख्न लुटपाट, आगजनी, तोडफोडको श्रृङखला रोकिनुपर्छ।सहजरूपमा यात्रा गर्न पाउने, गच्छे अनुसारको खर्च गर्ने वातावरण बनाउन सरकारको भुमिका आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपालका चार खेलाडीले विश्व 'माउन्टेन' र 'ट्रेल रन च्याम्पियनसिप' खेल्ने

**रासस**
काठमाडौं, ५ असोज

नेपालका चार खेलाडीले स्पेनमा हुने तेस्रो संस्करणको विश्व 'माउन्टेन' र 'ट्रेल रन च्याम्पियनसिप' खेल्ने भएका छन् ।

विश्व एथलेटिक्सले आयोजना गर्न लागेको उक्त प्रतियोगितामा नेपालबाट सुमन कुलुङ, साङ्गे शेर्पा, मनकुमार रोका र सुनमाया बुढाले चुनौती पेस गर्ने भएका हुन् । स्पेनको क्यान फ्रान्कमा हुने प्रतियोगिता सेप्टेम्बर २४ देखि २९ तारिकसम्म सञ्चालन हुँदैछ । प्रवेशाज्ञाका कारण पूरा टिम सहभागी हुन नपाए पनि नेपालबाट सबैभन्दा माथिल्लो वरियताका ट्रेल रनरले विश्वस्तरीय प्रतियोगितामा देशको प्रतिनिधित्व गर्न लागेका हुन् । कुलुङ एसिया वरियताका एक नम्बर खेलाडी हुन् भने महिलातर्फ नेपाल नम्बर एक खेलाडी सुनमाया बुढा एसिया वरियताकी तेस्रो नम्बरकी खेलाडी हुन् । चारै जना खेलाडीले सिङ्गल लामो दूरीको ट्रेल रनमा प्रतिस्पर्धा गर्नेछन् । टोली व्यवस्थापक प्रिती खत्रीले अन्तरराष्ट्रिय मापदण्डअनुसार खेलाडी छनोट गरिएको बताउनुभयो । जहाँ पुरुष खेलाडीका लागि योग्यता हासिल गर्न ८६० भन्दा बढी आइटीआरए स्कोर आवश्यक थियो । जसमा शीर्ष तीन पुरुष र महिला खेलाडी छनोट भएका हुन् । खत्रीले भन्नुभयो, "हाम्रा खेलाडीले असाधारण प्रदर्शन र विश्वस्तरीय र्‍याङकिङका आधारमा आफ्नो स्थान सुरक्षित गरेका हुन् ।"

# महाशिला गाउँपालिकाले आफ्नै भवनबाट सेवा थाल्यो

**पोखरापत्र संवाददाता**
पर्वत, ५ असोज

सङ्घीयता कार्यान्वयनमा आएको झण्डै एक दशकपछि महाशिला गाउँपालिकाले सेवा आफ्नै भवनबाट सुरु गरेको छ । स्थापनाकालदेखि साविक बालाकोट गाविस तथा वडा नं ३ को कार्यालयबाट सञ्चालन हुँदै आएको सेवा यसै सातादेखि आफ्नै भवनबाट सञ्चालन गरिएको हो ।

महाशिला-३ र वडा नं ५ को सिमाना काफलडाँडामा बनेको सुविधासम्पन्न भवनवाट सेवा सुरु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र पाण्डेयले जानकारी दिनुभयो । झण्डै रु पाँच करोडको लागतमा भवन निर्माण भएको हो । तीसवटा कोठा रहेको भवनबाट पालिकाका सबै शाखाको सेवा सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । साँघुरो र जीर्ण भवनबाट असहज रूपमा सेवा दिनुपरेकामा अब एउटै भवनवाट एकीकृत रूपमा सबै वडालाई पायक पर्नेगरी सेवा प्रवाह गर्दा नागरिक र कर्मचारी दुवैलाई सहज भएको प्रशासकीय अधिकृत पाण्डेयको भनाइ छ । सेवा सुरु भए पनि भवन हस्तान्तरण गर्न बाँकी रहेको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले जानकारी दिनुभयो । जिल्लाको सबैभन्दा सानो पालिका महाशिलाका छवटै वडा कार्यालय भने बनिसकेका छन् । पालिकाको भौतिक पूर्वाधार तयार भइसकेकाले अब सडक र शिक्षामा जोड दिन थालिएको छ । पालिकाको १० शय्याको आधारभूत अस्पताल निर्माण अन्तिम चरणमा पुगेको छ । बढ्दो बसाइँसराइलाई रोक्न गुणस्तरीय सडक र शिक्षालाई पालिकाले प्राथमिकतामा राखेको अध्यक्ष भुसालले जानकारी दिनुभयो । योसँगै पर्वतका छवटा स्थानीय तहले आफ्नै भवन निर्माण गरेर कार्यालय सञ्चालन गर्न थालेका छन् । सदरमुकामसमेत रहेको कुश्मा नगरपालिकाले बाहेक अन्य छ पालिकाले आफ्नै भवन निर्माण गरिसकेका छन् । मोदी, पैंयू, विहादी र जलजला गाउँपालिकाका आफ्नै भवन बनेका छन् । फलेवास नगरपालिकाको भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

# काठेखोलामा पाँच शय्याको आधारभूत अस्पताल निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, ५ असोज

काठेखोला गाउँपालिकाले पाँच शय्याको आधारभूत अस्पताल निर्माण गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले विनियोजन गरेको रु तीन करोड ६४ लाख ६५ हजारमा वडा नं ७ स्थित रेशमा अस्पताल निर्माण गरिएको हो । सदरमुकाम बागलुङ बजारसँग जोडिएको काठेखोलाले तीन वर्ष अगाडि नै गाउँगाउँमा आधारभूत स्वास्थ्य सेवा पुर्‍याएको थियो । नागरिकलाई गाउँबाटै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत अस्पताल बनाएको हो । पालिकामा अहिलेसम्म स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइबाहेक अन्य स्वास्थ्य संस्था थिएनन् । स्थानीयलाई अलि जटिल प्रकारको स्वास्थ्य समस्या देखिए बागलुङ बजार जानुको विकल्प छैन । गाउँपालिकाले प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरेर नागरिकलाई सहज स्वास्थ्य सेवा प्रदान गर्न थालेको छ । पालिकाका सात वडामा सात स्वास्थ्यचौकी तथा चार स्थानमा आधारभूत स्वास्थ्य एकाइ स्थापना गरी सञ्चालनमा छन् । साविकका रेश, भिमापोखरा, बिहुँकोट, लेखानी, धम्जा, तङ्ग्राम र लेखानी गाविसमा एक-एकवटा स्वास्थ्यचौकी भए पनि नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाउन सकेका थिएनन् । टाढाका गाउँलेलाई लक्षित गरी रेशमा अस्पताल बनाउन लागेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो ।

गाउँगाउँमा आधारभूत स्वास्थ्य एकाइ स्थापना भएपछि उपचारका लागि सहज भए पनि सेवाको गुणस्तर र जटिल रोगको उपचार पनि गाउँमै गर्न आधारभूत अस्पताल निर्माण प्रारम्भ भएको उहाँको भनाइ छ । सोह्र महिनामा निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनीले २०८१ साउनदेखि काम सुरु गरको थियो । करिब छ महिनाअगावै काम सकिएको अध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हरेक नागरिकले सहज रूपमा स्वास्थ्योपचार गर्न पाउनुपर्छ । त्यसैले पालिकाको विभिन्न वडामा स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर पहिलेदेखि नै सेवा दिँदै आएका छौँ, अब एउटा अस्पताल पनि आवश्यक देखिएको हुँदा वडा नं ७ मा पाँच शय्याको अस्पताल निर्माण सम्पन्न भएको छ, केही समयमै सेवा सञ्चालन हुनेछ ।" काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले यहाँ स्वास्थ्यचौकी मात्र रहेकाले आधारभूत अस्पताल निर्माण गरेको बताउनुभयो । अब स्वास्थ्यचौकीको सेवा आधारभूत अस्पतालमै गाभिने र सेवा थप गरेर प्रवाह गरिने छ । पछिल्लो पाँच वर्षमा काठेखोलाले वडा नं ८ कादेसमा स्वास्थ्य एकाइ, वडा नं १ दोबिल्ला स्वास्थ्य एकाइ, वडा नं ४ मा फापरखेत स्वास्थ्य एकाइ र वडा नं ५ मा बिहुँ स्वास्थ्य आधारभूत स्वास्थ्य एकाइ सञ्चालनमा ल्याएको छ ।

# युरिक एसिड निशुल्क, सबै जाँचमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले दसैं, तिहारसहितका चाडपर्व लक्षित छुट योजना सार्वजनिक गरेको छ ।

गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त युआरएलको यो चाडपर्व विशेष छुट योजना कात्तिक १० गतेसम्म युआरएलका सबै शाखामा लागू हुनेछ । जेनजी आन्दोलनपछि बद्लिएको परिस्थितिमा पनि ग्राहकको सेवालाई मध्यनजर गरी छुट योजना सार्वजनिक गरिएको अध्यक्ष ठाकुरप्रसाद पन्थले जानकारी दिए । यो अवधिमा थाइराइड, क्यान्सर, भिटामिन डी, होलबडी लगायत सबै प्रकारका जाँचमा विशेष छुट दिइने पन्थले उल्लेख गरे । विश्वकै सर्वोकृष्ट प्रविधि तथा दक्ष र अनुभवी प्राविधिकबाट गुणस्तरीय रुपमा सेवा दिँदै आएको युआरएल १२ वर्षअघि स्थापना भएको हो । युआरएलले १२ वर्षको अवधिमा आफैं र विभिन्न संघ, संस्थासँग सहकार्य गरी २ सय ९ निशुल्क स्वास्थ्य शिविर आयोजना गरेको प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले जानकारी दिए । उनले साढे ३ लाख जनाले शिविरबाट निशुल्क रगत जाँच सुविधा लिएको जनाए ।

# गण्डकीका प्रमुख सचिव डण्डुराज घिमिरेको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

गण्डकी प्रदेश सरकारका नयाँ प्रमुख सचिव डण्डुराज घिमिरेलाई आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेष कार्यक्रममार्फत स्वागत गरिएको छ ।

निमित्त प्रमुख सचिव रमेश ढकालले माला अर्पण गर्दै प्रदेशको आधिकारिक डायरी हस्तान्तरण गरी घिमिरेलाई स्वागत गरेका हुन् ।

स्वागतपछि बोल्दै प्रमुख सचिव घिमिरेले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त सहिदहरूको स्मरण गर्दै आफ्नो कामको शैली छलफल, सल्लाह र रायसुझावका आधारमा सामूहिक निर्णय गर्ने रहेको स्पष्ट पारे । उनले भने, 'कर्मचारी संयन्त्रलाई विवादरहित बनाइराख्न कठिन हुन्छ, तर नहुने काम नगरी गर्नुपर्ने काम चुस्तदुरुस्त बनाउनु सबैको जिम्मेवारी हो ।'

घिमिरेले प्रशासनिक सुधार र पारदर्शिता बिना जनविश्वास कायम रहन नसक्ने चेतावनी दिँदै कर्मचारीलाई राष्ट्रसेवकको भावना बोकेर काम गर्न निर्देशन दिए । उनका शब्दमा, 'शासकीय क्षमतामा सुधार आएन भने, प्रशासक सुध्रिएनन् भने समग्र कर्मचारी संयन्त्रप्रति जनविश्वास घट्छ । त्यसैले हामीले गरेका काम र निर्णयमा गौरव गर्न लायक बन्न मनैबाट राष्ट्र सेवक बन्नुपर्छ ।' सो अवसरमा उनले सामाजिक सञ्जाल र मिडियाबाट हुने खबरदारीलाई बेवास्ता नगरी आत्मसात् गर्नुपर्नेमा जोड दिए । 'सामाजिक सञ्जाल र मिडियाबाट आएका सचेतनालाई नजरअन्दाज नगरी त्रुटि देखे सुधार गर्नुपर्छ,' उनले भने ।

प्रेस रजिष्ट्रार विमला भण्डारीका अनुसार जेनजी आन्दोलनका क्रममा गण्डकी प्रदेश सरकारका ४३ वटा चारपाङ्ग्रे र १०४ वटा दुईपाङ्ग्रे सवारी साधन जलेर नष्ट भएका छन् । अन्य भौतिक संरचनाको क्षति, वित्तीय विवरण र ध्वस्त सामग्रीको सम्पूर्ण मुचुल्का अझै तयार हुन बाँकी रहेको छ । प्रमुख सचिव घिमिरेले शीघ्र मूल्यांकन गरी विस्तृत विवरण तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । मुख्यमन्त्री र प्रमुख सचिवको निवास पूर्णरूपमा ध्वस्त भएकाले अस्थायी आवासको व्यवस्था अन्यत्र गरिएको छ । यद्यपि कर्मचारीहरूले मन्त्रिपरिषद्को कार्यालयको सरसफाइ सक्दै प्राथमिक काम सुरु गरिसकेको उपसचिव प्रवीण ढकालले जानकारी दिए । कार्यालयको झ्याल-ढोका, मूल गेट खुला रहँदा र सुरक्षा गार्ड नहुँदा भौतिक सामग्री लुटपाट र चोरी भएको पनि उनले बताए । ३६ वर्षको निजामति सेवाको अनुभव सुनाउँदै घिमिरेले आफूलाई भाग्यमानी ठान्ने भाव व्यक्त गरे । उनले २०४७ सालमा जिल्ला सहकारी कार्यालय काभ्रेमा सहलेखापालका रूपमा सरकारी सेवा प्रारम्भ गरेका थिए । २०५१ सालमा शाखा अधिकृत, २०५८ सालमा उपसचिव, २०६९ सालमा सहसचिव हुँदै २०८२ भदौ ३० को निर्णयअनुसार सचिवमा बढुवा भई गण्डकी प्रदेशमा सरुवा भएका हुन् । सचिवमा बढुवाको निर्णय दुई पटक भएको उल्लेख गर्दै उनले यो यात्रालाई आफ्नो पेशागत जीवनको गर्विलो उपलब्धि भनेका छन् ।

स्वागतका लागि आभार प्रकट गर्दै प्रमुख सचिव घिमिरेले विध्वंसपछिको पुनर्निर्माण, शासकीय क्षमता अभिवृद्धि र पारदर्शी प्रशासनका लागि सबै कर्मचारीलाई समर्पित भावनासहित काम गर्न आह्वान गरे । उनले भने, 'अबको लक्ष्य भनेको विवादभन्दा पर रहँदै नागरिक सेवामा गति ल्याउनु हो । यसका लागि सबैको साझा प्रयास अपरिहार्य छ ।'

गण्डकी प्रदेश सरकारले आन्दोलनपश्चात् क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र सेवाको सहज प्रवाहलाई तत्काल प्राथमिकतामा राख्दै कार्ययोजना अघि बढाइरहेको छ । प्रमुख सचिव घिमिरेको नेतृत्वले यस प्रक्रियामा कस्तो गति ल्याउँछ भन्नेमा कर्मचारी र नागरिक दुबैको दृष्टि केन्द्रित छ ।

# पर्वत र बागलुङका घर लिपपोत गर्न म्याग्दीको रातोमाटो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असोज

बेनी नगरपालिका-१ रत्नेचौरको सालघारीमा रहेको रातोमाटो स्थानीयवासीका लागि आम्दानीको स्रोत बनेको छ । दसैंतिहारअघि ग्रामीण क्षेत्रका ढुङ्घेघरलाई लिपपोत गरेर रङ्ग्याउन रत्नेचौरको रातोमाटो प्रयोग हुन्छ ।

सालघारीको पाखोमा रातोमाटोको खानी छ । म्याग्दी, पर्वत र बागलुङका ग्रामीण क्षेत्रमा घर रङ्ग्याउन आवश्यक रातोमाटो सालघारीको खानीबाट लैजाने गर्छन् ।

यसपालि हालसम्म २१ ट्र्याक्टर रातोमाटो बिक्री भइसकेको रत्नेचौरका स्थानीयवासीसमेत रहनुभएका व्यवसायी एकिन्द्र महतले बताउनुभयो । "खानी भएको जग्गाका धनीले प्रतिबोरा रु एक सयका दरले माटो बेच्छन्", उहाँले भन्नुभयो, "ट्र्याक्टरमा राखेर गाउँगाउँमा पुऱ्याएर न्यूनतम प्रतिबोरा रु पाँच सयका दरले बिक्री हुन्छ ।" एक दशकअघिसम्म दसैंतिहारको सिजनमा रातोमाटो लिनका लागि सालघारीमा आउने सर्वसाधारणको भीड लाग्ने गर्दथ्यो । हाल व्यापारीले गाडी र ट्र्याक्टरमा ढुवानी गरेर रातोमाटो घरघरमा पुर्‍याउने गरेका छन् । वार्षिक ३० ट्र्याक्टरभन्दा बढी रातोमाटो बिक्री हुने व्यवसायी व्यवसायी महतले बताउनुभयो । खानीबाट बोरामा भरेको माटो ट्र्याक्टरमा राखेर गाउँगाउँमा लगेर बेच्ने गरेको मङ्गला गाउँपालिका-२ बाबियाचौरबाट माटो किन्नका लागि सालघारी पुगेका सागर सुनारले बताउनुभयो । सफा र चम्किलो हुने भएकाले रत्नेचौरको रातोमाटोको माग उच्च रहेको उहाँले बताउनुभयो । स्थानीयवासीले माटो बिक्रीका साथै माटो खन्ने काम गरेर पनि आम्दानी तथा रोजगारी पाएका छन् । बेनी, बागलुङ, कुश्मा नगरपालिका, जलजला, काठेखोला, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा रत्नेचौरको रातोमाटो खपत हुन्छ । सालघारीकी जुना किसानले यसपालि मल्लाजका व्यापारीलाई रु २० हजारमा बारीको रातोमाटो ठेक्कामा बेचेको बताउनुभयो । माटो निकालेपछि सम्मिने पाखोमा बारी बनाएर खेतीबाली लगाउने गरेको उहाँले बताउनुभयो । घडेरी सम्याउनका लागि निस्किएको माटो प्रतिट्र्याक्टर रु आठ हजारमा बिक्री गरेको स्थानीय भगवती विश्वकर्माले बताउनुभयो । सालघारीबाट वार्षिक रु तीन लाखको हाराहारीमा रातोमाटो बिक्री हुने गरेको स्थानीयवासीको भनाइ छ ।

पक्की घर बनाउने, रङ र गेरु लगाउने चलन बढेपछि ग्रामीण क्षेत्रका ढुङ्गे घरमा रातोमाटो र कमेरो लगाएर रङ्ग्याउने चलन छ । दसैँअघि घरको सरसफाइ गर्ने, रातोमाटो र कमेरोले लिपपोत गर्ने चलन अझै छ । रातोमाटोले लिपपोत गरेका ढुङ्गेघर चिटिक्क र आकर्षक देखिन्छन् । रातोमाटो पाइने भएकाले यो ठाउँको नाम रत्नेचौर नामकरण भएको बताइएको छ । रातोमाटो निकाल्दा खाल्डोमा पुरिने, पहिरो खस्ने जोखिम हुने भएकाले सावधानी अपनाउनुपर्छ । विपद् र दुर्घटनाको जोखिम न्यूनीकरण गरी रातोमाटोलाई प्रशोधन र प्याकेजिङ गरेर बजारीकरण गर्न सकिने सम्भावना छ ।

# मुस्ताङको कागबेनीमा तीर्थालुको आगमन घट्यो

रासस
मुस्ताङ, ५ असोज



दिवङ्गत पितृ उद्धारका लागि प्रसिद्ध मानिएको यहाँको धार्मिक तीर्थस्थल कागबेनीधाममा यसवर्ष तीर्थालुको आगमन घटेको छ । दसैंपर्व अघि सोह्रश्राद्ध सुरु भएसँगै भक्तजनको आगमन बढ्ने गरेकामा देशमा उत्पन्न विषम परिस्थितिका कारण धार्मिक तीर्थालुको सङ्ख्या घटेको हो ।

दामोदरकुण्डबाट बग्ने काली नदी र मुक्तिनाथबाट बग्ने गण्डकी नदीको सङ्गमस्थल कागबेनीधाममा दिवङ्गत पितृको उद्धार गर्न तथा पितृलाई खुसी राख्न यहाँ धार्मिक तीर्थालुहरू आउने गर्दछन् । तीर्थालुले पिण्डदान, सिदादान, तर्पण दिएर श्राद्ध गर्ने प्रचलन छ । कालीगण्डकी नदीको दोभान कागबेनी तटमा स्नान गरी पूजारीबाट धार्मिक पूजापाठ गरी पितृको नाममा श्राद्ध गर्ने प्रचलन रहेको छ । यहाँ आएर श्राद्ध गर्नाले पितृ खुसी हुन्छन् भन्ने हिन्दू शास्त्रमा उल्लेख गरिएको छ । गत वर्षको औंसी तिथिमा एकैदिन २० हजार बढी तीर्थालुले कागबेनीमा श्राद्ध गरेका थिए । यसवर्ष त्यो सङ्ख्या ८० प्रतिशतले घटेको छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार औंसी तिथिको अघिल्लो दिन शनिबार म्याग्दी हुँदै सडकमार्गबाट चार हजार एघार जना धार्मिक तीर्थालु मुस्ताङ भित्रिएका छन् । योसङ्ख्या गतवर्षको बडादसैंअघिको औंसीको भन्दा ८० प्रतिशतले कम रहेको प्रहरी निरीक्षक विशाल खत्रीले जानकारी दिनुभयो । प्रहरी निरीक्षक खत्रीका अनुसार औंसीको अघिल्लो दिन तीन हजार ८९९ जना स्वदेशी र एक सय १२ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् । यहाँ औंसीको अघिल्लो दिन पाँच सय ७२ वटा सवारीसाधन मुस्ताङ भित्रिएका प्रहरी निरीक्षक खत्रीले उल्लेख गर्नुभयो । यसवर्षको बडादसैं अघिको प्रतिपदादेखि सुरु भएको पितृपक्ष (सोह्र श्राद्ध)को अन्तिम दिनसम्म मुस्ताङमा सडकमार्ग हुँदै कूल नौ हजार ५२ जना धार्मिक तीर्थालु भित्रिएका जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यसैगरी यसअवधिमा सार्क राष्ट्रबाट दुई हजार २१६ जना विदेशी यहाँ आएका प्रहरी निरीक्षक खत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार सोह्रश्राद्ध अवधिमा दुई हजार ६३६ वटा सवारीसाधन भित्रिएका थिए ।

गतवर्ष सोह्रश्राद्धको १६औं दिनसम्ममा पचासौं हजार धार्मिक तीर्थालुले मुस्ताङको कागबेनीमा आएर पितृको श्राद्ध गरेका थिए । विगतका वर्षको तुलनामा यसवर्ष कागबेनीमा औंसी नुहाउन एकदमै कम तीर्थालु आएका कागबेनीमा पूजारी ईश्वर रेग्मीले बताउनुभयो । देशमा उत्पन्न परिस्थितिका कारण कागबेनीमा भक्तजनको आगमनसँगै रौनक घटेको उहाँको भनाइ छ ।

# जनप्रियमा शुभकामना आदानप्रदान र विदाई

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज



जनप्रिय बहुमुखी क्याम्पस, पोखरामा आसन्न दशैं, तिहार छठ लगायत नेपालीहरूको प्रमुख चाडपर्वको उपलक्ष्यमा आइतबार क्याम्पस सभाहलमा आयोजित शुभकामना आदानप्रदान तथा अवकाशप्राप्त प्राध्यापकहरूको विदाई कार्यक्रम उत्साहपूर्ण वातावरणमा सम्पन्न भयो ।

कार्यक्रमले केवल पर्वको हर्षोल्लास मात्र होइन, संस्थागत उपलब्धि, प्राध्यापकहरूको योगदान र भविष्यका शैक्षिक आकांक्षाको विमर्शलाई समेत उजागर गऱ्यो । कार्यक्रमका प्रमुख आमन्त्रित एवम् क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले नेपाली साँस्कृतिक पर्वहरूको उल्लासले प्राध्यापकको शैक्षिक जिम्मेवारीलाई ओझेलमा पार्न नहुनेमा जोड दिए । उनले प्राध्यापकहरूलाई अनुसन्धान, लेखन, प्रकाशन तथा एमफिल, पिएचडी जस्ता उच्च शिक्षामा सहभागी भई ज्ञानको दायरा विस्तार गर्न आग्रह गर्दै, निवृत्त पूर्व क्याम्पस प्रमुखहरूको निरन्तर प्रगतिको कामना गरे । विशिष्ट अतिथि तथा क्याम्पस प्रमुख कृष्णबाबु बरालले आफ्नो मन्तव्यमा सेवा निवृत्त पूर्व क्याम्पस प्रमुखहरूको अनुभव र सहयोग क्याम्पस प्रशासनका लागि अमूल्य रहेको उल्लेख गर्दै, संस्थासँगको सम्बन्धलाई स्थायी रूपमा जोगाइराख्न अनुरोध गरे । उनका अनुसार क्याम्पसको निरन्तर विकासमा अनुभवी पूर्व नेतृत्वको सल्लाह र मार्गदर्शन आवश्यक छ । विदाइ मन्तव्य दिँदै पूर्व क्याम्पस प्रमुख भरतराज गौतमले जनप्रियले विश्वविद्यालय अनुदान आयोगबाट दुईपटक प्राप्त गरेको गुणस्तर मान्यताको प्रमाणपत्र क्याम्पसको सुशासन, पारदर्शिता, जवाफदेहिता र शैक्षिक उत्कृष्टताको प्रमाण भएको उल्लेख गरे । उनले प्राध्यापकको बढुवा, स्थायित्व, फ्याकल्टी डेभलपमेन्ट र व्यक्तिगत क्षमतावृद्धिमा क्याम्पसले कुनै सम्झौता नगरी अघि बढिरहेको तथ्यलाई जनाउँदै, आफ्नो कार्यकालको अनुभवले जनप्रियको शैक्षिक शाख अझ उज्यालो बनाउने विश्वास व्यक्त गरे । जनप्रियमा २७ वर्षसम्म सेवा समर्पण गरेका पूर्व क्याम्पस प्रमुखहरू भरतराज गौतम, लोकराज भण्डारी, माधव वियोगी र कृष्णप्रसाद गुरुङलाई क्याम्पस सञ्चालक समितिका अध्यक्ष विजुक्छे र क्याम्पस प्रमुख बरालले दोसल्ला ओढाई र मायाको चिनो प्रदान गर्दै विदाई गरे । यो सम्मान केवल व्यक्तिगत योगदानको कदर मात्र नभई संस्थागत स्मृतिको स्थायी धरोहर पनि बनेको देखियो ।कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष पुष्पराज सिग्देल, सञ्चालक समितिका कोषाध्यक्ष गणेशबहादुर अधिकारी, पब्लिक क्याम्पस प्राध्यापक संघका केन्द्रीय सदस्य वेदहरि तिमिल्सिना, प्रजातन्त्रवादी प्राध्यापक संघका सभापति नरेश बराल, कर्मचारी संघका अध्यक्ष देवी पनेरु लगायतका वक्ताहरूले अवकाशप्राप्त प्रमुखहरूको दीर्घ योगदानको उच्च प्रशंसा गर्दै आगामी दिनहरू सुख, स्वास्थ्य र सिर्जनशीलताले भरिपूर्ण होस् भन्ने शुभकामना व्यक्त गरे ।

पब्लिक क्याम्पस प्राध्यापक संघ, नेपाल जनप्रिय इकाईका सभापति विकास थापामगरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संघका सचिव राजेन्द्र पौडेलले गरेका थिए । कार्यक्रमले जनप्रिय बहुमुखी क्याम्पसको संस्थागत गौरव, शैक्षिक नेतृत्वको सम्मान र भविष्यप्रतिको प्रतिबद्धतालाई सुदृढ बनाएको अनुभूति सहभागीहरूले व्यक्त गरे । यस प्रकारको सम्मान र शुभकामना आदानप्रदानले क्याम्पसलाई केवल शैक्षिक संस्था मात्र नभई मूल्य, परम्परा र निरन्तर विकासको साझा चौतारीका रूपमा स्थापित गरिरहेको तथ्य पुनः पुष्टि भएको छ ।

# ठूलोढुंगाको बालादेवी मन्दिरमा नवदुर्गा विशेष पूजा हुने

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज



पोखरा महानगरपालिका वडा नं ३३ ठूलोढुङ्गास्थित दुई सय वर्ष पुरानो प्रसिद्ध बालादेवी मन्दिरमा यस वर्ष नवदुर्गा विशेष पूजा हुने भएको छ ।

विश्व शान्तिका साथै हाम्रो देश नेपाल शान्ति र विकासको मार्गमा उन्मुख बनोस् भन्ने कामनाका साथ नवदुर्गा विशेष पूजा गर्न लागिएको बालादेवी मन्दिर संरक्षण तथा पुनःनिर्माण समितिका सचिव राजकुमार लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार भोलि घटस्थापनादेखि मन्दिरका पूजारी वसन्तप्रसाद आचार्य सहितका तीन जना पण्डितहरूबाट मन्दिरमा नियमित दुर्गा शप्तशती पाठ हुनेछ । त्यस्तै फूलपाती, महाअष्टमी, महानवमी विशेष पूजा गरिने छ । मन्दिरका फूल प्रसादलाई विजयादशमीका दिनमा आसपासका क्षेत्रका स्थानीयका घरघरमा वितरण समेत गरिने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो । मन्दिरमा दैवी शक्ति रहेको र श्रद्धाभक्तिपूर्वक पूजा गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण पोखराको भरतपोखरी र आसपासका दर्शनार्थीहरू मन्दिरमा आउने गरेका छन् । मन्दिरमा बलि पूजा भने नहुने जानकारी दिदै उहाँले ठूलोढुङ्गा र आसपासका क्षेत्रबाट विभिन्न भाकल सहित पूजाआजाका लागि दर्शनार्थी आउने गरेको बताउनुभयो ।

सचिव लामिछानेका अनुसार मन्दिरको सुरुमा पोखरा महानगरपालिका वडा नं ३३ निवासी स्व.लेखबहादुर गुरुङबाट टिनको जस्ता प्रयोग गर्न र मन्दिरको गारो लगाउने क्रममा अतुलनीय सहयोग भएको थियो ।

उक्त मन्दिर निर्माण भइसकेपछि पोखरा ३३ निवासी दिननाथ आचार्यबाट पूजाआजा हुँदै आएकोमा पछि बसन्त आचार्यले हालसम्म नियमित पूजाआजा गर्दै आउनुभएको उहाँले जानकारी दिनुभयो । दुई सय वर्ष अघिदेखि पूजाआजा हुँदै आएको विश्वास लिइने यस मन्दिरको स्थापनाको भने अनौठो किंवदन्ती छ । किंवदन्तीअनुसार आजभन्दा करिब दुई सय वर्ष अघि लेकतिरबाट एक जना महिला माइत जान भनी यसै बाटो बाटो हुँदै आएकी र रात परेकाले हालको बालादेवी मन्दिरको नजिकै रहेको ओढारमा वास बसिछन् । निज महिला गर्भवती भएको र वास बस्ने क्रममा बाघले आक्रमण गरेकाले पेट चिरिएर गर्भबाट बालिका निस्किएको किंवदन्ती छ । निज महिलालाई बाघले खाएको र बालिकालाई नागले बेरेर संरक्षण दिएको भन्ने कथन छ । केही समय पश्चात बालिका अलप भएको तर निज बालिकाको दिव्यस्वरुप त्यही नै घुमिरहेको र सो स्थानमा प्रायः बालिका रोएको तथा कराएको आवाज आउन थालेछ ।

बालिका रोएको र कराएको आवाज निरन्तर सुनिन थाले पछि के रहेछ भनि लामा धामीलाई ल्याई हेराइएछ । खोजी गर्दा उक्त बालिकाको आत्मा धामीमार्फत सबै घटनाबारे सम्पूर्ण वृतान्त बताउनुको साथै म देवी हुँ र यसै स्थानमा मेरो मन्दिर बनाउनु भन्ने निर्देशन भएछ । पछि तिनै बालिकाको नाममा बालादेवी मन्दिर स्थापना भएको र त्यसयता निरन्तर पूजाआजा हुँदै आएको मान्यता छ । यसअघि विसं २०२२ मा एक पाखे सानो मन्दिर निर्माण भएकोमा विसं २०५९ मा स्थानीयवासीको सामूहिक प्रयासबाट नयाँ मन्दिर निर्माण गरिएको हो । प्रत्येक वर्षको ज्येष्ठी पूर्णिमामा स्थानीयले विशेष पूजाआजा गर्ने गरेका छन् । पहिला पहिला ज्येठी पूर्णिमाका दिन पूजा गर्दा पाठीको बली दिने गरिए पनि स्थानीयवासीको समुहिक निर्णय अनुसार विगत तीन वर्ष यता बलिदिने प्रचलन हटिसकेको सचिव लामिछानेले जानकारी दिनुभयो । विभिन्न महत्वपूर्ण तिथिमितिमा पनि ठाउँ ठाउँबाट दर्शनार्थीहरू मनले चिताएको पुग्ने विश्वासका साथ पूजाआजाका लागि आउने गरेको उहाँले जानकारी दिनुभयो ।

मन्दिरको संरक्षण र विकासको लागि बालादेवी मन्दिर संरक्षण तथा पुनःनिर्माण समिति क्रियाशिल बनिरहेको छ । मन्दिर निर्माणका लागि स्थानीय समाजसेवी मोतिप्रसाद आचार्यले जग्गा उपलब्ध गराउनुभएको सचिव लामिछानेले जानकारी दिनुभयो । मन्दिरमा अन्य अत्यावश्यक पूर्वाधार निर्माणका लागि पनि थप जग्गा दिने प्रतिवद्धता आचार्यले व्यक्त गर्नुभएको उहाँले जानकारी दिनुभयो । पोखराको बिरौटा हुँदै बागमारा जाने सडकखण्डको ठूलोढुङ्गा चोकबाट नजिक पर्ने उक्त मन्दिर सडकको सहज पहुँचमा रहेको छ । पूर्णरुपमा कालोपत्रे सडक भएका कारण पछिल्ला वर्षमा यहाँको महिमा र गरिमा अझै बढ्दै गएको छ ।

# पामे सहकारीले साधारणसभाको अवसरमा सरसफाइ र आश्रमलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज




पामे बचत तथा ऋण सहकारीले १५ औ साधारण सभाको अवसरपारे सहकारीले विभिन्न कार्यक्रम गरेको छ ।

शनिबार पोखरा २४ पामे बजारमा सहकारीले सरसफाइ गरेको छ भने आइतबार बटुकहरुलाई खाना ख्वाउनुका साथै सिद्धबराह तपोबन आश्रमलाई सहयोग गरेको छ । सोमबार १५ औ साधारण सभा पोखरा २४ पामेमा गर्दैछ ।

सरसफाइ अभियानमा पामे बजारमा रहेका विभिन्न प्लाष्ट्रिक, बोतल, बाटो अवपर रहेका झाडी लगाएतका फोहोरहरु सरसफाइ गरेको सहकारीका व्यवास्थापक सुर्यमोहन पराजुलीले बताए ।

उनले पामे बजारलाई सधै सफा राख्नु पर्ने बताउदै बजारको फोहोर फेवातालमा जाने भएकाले पनि सफा अभियानलाई सहकारीले प्रत्येक वर्ष गर्दै आएको बताए । सहकारीले आवश्यकता अनुसार त्यस क्षेत्रमा विभिन्न सामाजीक उत्तरदायित्वका काम गर्दै आएको उनले बताए । आइतबार पोखरा २३ माझथुममा रहेको सिद्धबराह तपोवन आश्रम आश्रमलाई आर्थिक सहयोग, खाद्यन्न सहयोग र बटुकहरुलाई खाना र दक्षिणा प्रदान गरेको पामे बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नवराज पराजुलीले जनकारी दिए । उनले सहकारीले सामाजीक उत्तरदाइत्व अन्तरगत विभिन्न सामाजीक कार्यक्रम गर्दै आएको बताए । उनले पामे सहकारी सहकारीको सिद्धान्त पालना गरेर सञ्चालन गरेका कारणले नै सहकारीमा कुनै समस्या नरहेको बताए ।

# जनश्रमदानबाट सडक मर्मत

पोखरापत्र संवाददाता
पर्वत, ५ असोज

पातीचौर-देउपुर-लप्सीबोट-भुकताङ्ले सडक स्थानीयवासीले श्रमदान गरेर मर्मत गरेका छन् । विसं २०५८ मा उक्त मार्ग खोलिएको हो । त्यसयता बर्सेनि पहिरो जाँदा सडक स्तरोन्नति गर्नुपर्ने अवस्था बनेको थियो ।

कुनैपनि निकायबाट सहयोग नजुटेपछि स्थानीयवासीले श्रमदान गरेर सडक मर्मत गरेका हुन् । मोदी गाउँपालिका-१, २ र ३ का बासिन्दाले श्रमदान गरेका हुन् । देउपुर स्थित कोरुङ्गा बनमामाथिबाट झरेको पहिरोले सडक भत्काएको थियो । कोरुङ्गा र दोबाटोबाट खसेको पहिरो पानी खोल्सा सडक खण्डमा आएर करिब दुई किलोमिटर सडक बगाएको देउपुरका पूर्व वडाध्यक्ष विकास तिमिल्सिनाले जानकारी दिनुभयो । पहिरोले क्षतिग्रस्त सडकमा सवारीसाधन चलाउन सकिने अवस्था थिएन । वडा नं १, २ र ३ का करिब चार सय जनाले श्रमदान गरेका थिए । "गाउँलेले झण्डै रु चार लाख बराबरको श्रमदान गरेका छन्", उहाँले भन्नुभयो । सडक मर्मत भएसँगै चाडवाडको बेला गाउँमा आउनेजाने यात्रुलाई सहज हुने भएको छ । मोदी गाउँपालिका-१, २ र ३ लाई गाउँपालिकाको केन्द्र पातिचौर तथा पुष्पलाल मध्यपहाडी लोकमार्गमा जोड्ने मुख्य सडक नै अवरुद्ध भएको थियो । पहिरो नियन्त्रण गर्न यसअघि भू तथा जलाधार व्यवस्थापन कार्यालयमार्फत रु ३३ लाखको लगानीमा काम सुरु भएको थियो । तर काम नसकिँदै गत असारमा आएको पहिरोले सडक बगाएको थियो ।


गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश सङ्ग्रहालय
पोखरा, कास्की, नेपाल

वोलपत्र स्वीकृतका लागि छनौट गरिएको आशयको सुचना ।

प्रकाशन मिति २०८२/०६/०६

यस कार्यालयवाट मिति २०८२/03/३१ गते प्रकाशित बोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार निम्न बमोजिमको निर्माण कार्यका लागि वोलपत्र आव्हान भइ तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ वोलपत्र स्वीकृतका लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाताको नाम र ठेगाना | कवोल रकम रु.(भ्याट र पी.एस. वाहेक) |
|---|---|---|---|---|
| १ | PM/Kaski/NCB /W/03/81-082 | मुख्य प्रवेश द्वारसगै रहेको जीर्ण भवन भत्काई नयाँ भवन निर्माण कार्य | श्री टुडेज विल्डर्स, पोखरा-८, कास्की | १,५८,४८,८१२.६७ |